"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७९/८०
च.नं. ४२९९

### बिज्ञापन कर संकलनका लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०१/१४**

यस दमक नगरपालिकाको आ.ब. २०८०/०८१ का लागि बिज्ञापन कर संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरु उल्लेख गरी यो सूचना प्रकाशित गरीएको छ। **बिज्ञापन कर संकलन** ठेक्कामा भाग लिन चाहने कम्पनी/फर्महरुले तपशिलको सेवा शर्तका वन्देजमा रही बिद्युतीय माध्यम (ई-बिड) वाट पेश गर्ने गरी यो सूचना प्रकासित गरिएको छ।

<u>तपशिल</u>

| क्र.सं. | ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक मु.अ.कर वाहेक | धरौटी | बोलपत्र दस्तुर रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र फारम दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/ADV/34/79/80 | बिज्ञापन कर संकलन | रु.१८,८४,३००।- | ५% | १०००/- | २०८०/२/१४ गते दिनको १२ बजेसम्म | २०८०/२/१४ गते दिनको १ बजे। |

**शर्तहरु :-**

१. बोलपत्र फारम दस्तुर फिर्ता नहुनें गरी रा.बा.बैकमा रहेको (आन्तरिक राजश्व खाता नं. २१४०१००३०१०१०००२) खातामा तोकिएको दस्तुर बुझाई मु.अ.कर (भ्याट) मा र दमक नगरपालिका क्षेत्र भित्रका फर्महरु भए नगरपालिकामा दर्ता भएका कम्पनी/फर्महरुले खरिद गर्न सक्नेछन।
२. बिधुतिय खरिद प्रणाली (ई-बिड) को सम्पूर्ण प्रक्रियाहरु बिद्युतिय खरिद प्रणालीले तोकेको मापदण्ड बमोजिम हुनेछ।
३. पेश हुन आएका बोलपत्रहरु तोकिएको समयमा कम्पनी/फर्मका संचालक वा निजको प्रतिनिधिको रोहवरमा खोलीने छ तर निज प्रतिनिधीहरु अनुपस्थिती भएका कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. बोलपत्र पेश गर्दा फर्म नविकरण, स्थानीय फर्मको हकमा नगरपालिकामा दर्ता/नविकरण भएको व्यवशाय दर्ता प्रमाणपत्र स्थायी लेखा नंम्वर प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा काम गरेको भए अनुभवको प्रमाणपत्र संलग्न हुनु पर्नेछ।
५. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको ठेक्का अंकको ५% धरौटी रकम दमक नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंकमा खोलिएको धरौटी खाता हि.नं. २१४०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैकबाट मान्यता प्राप्त बैकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्डको सक्कलै प्रति पेश गर्नुपर्ने छ।
६. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल कम्पनी/फर्मको पक्षवाट बुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कबोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरीनेछ।
७. ठेक्का स्विकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र नगरपालिकामा सम्पर्क गरी बोलपत्रदाताले सम्झौता/कवुलियत गरी सक्नु पर्नेछ। सम्झौता/कवुलियत गर्नु पूर्व कवोल गरेको सम्पूर्ण रकम र नियमानुसारको मु.अ.करको रकम एकमुष्ठ बुझाई सम्झौता गरेमा कबोल गरेको रकमको मु.अ. कर वाहेकको रकममा १०% सम्म छुट दिन सकिनेछ। एकमुष्ठ रकम नबुझाएको खण्डमा कवोल गरेको रकममा मु.अ.कर सहितको कुल रकमलाई ३ (तीन)

डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

किस्ता कायम गरी किस्ता बमोजिमको रकम यस नगरपालिकाको बिभाज्य कोष खाता (खाता नं. २१४०१००३०६०१०००२) मा जम्मा गर्नु पर्ने र बाँकी रकमको हकमा नेपाल सरकारवाट मान्यता प्राप्त बैकबाट २०८१ श्रावण मसान्तसम्म म्याद भएको बैक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

८. बोलपत्रदाताले किस्ता बुझाउदा पहिलो किस्ता सम्झौता गर्नु पूर्व, दोश्रो किस्ता २०८० कार्तिक मसान्त, तेश्रो किस्ता २०८० फागुन मसान्त भित्र बुझाई सक्नु पर्नेछ । प्रत्येक किस्ता बुझाउदा मु.अ.कर सहितको रकम बुझाउनु पर्नेछ ।
९. बोलपत्रदाताले यस कार्यालयलाई तोकिएको अबधि भित्र ठेक्काको किस्ता रकम नबुझाएमा ठेकेदारद्धारा कार्यालयमा पेश गरीएको परफरमेन्स बण्ड जारी गर्ने बैकबाट उक्त बाँकी किस्ता रकम असुल गरीने छ ।
१०. ठेकेदारले राखेको अग्रीम धरौटी रकमलाई किस्तामा मिलान गर्न पाईने छैन ।
११. कावुबाहिरको परीस्थीती परी आय ठेक्काको कर असुली प्रभावित भएमा बोलपत्र दाताले यस कार्यालयमा निवेदन दिन सक्नेछ छ । त्यसरी प्रभावित भएको/नभएको सम्बन्धमा यस कार्यालयले आवश्यकताका आधारमा समिति गठन गरी सो समितिवाट प्राप्त स्थलगत प्रतिवेदनलाई आधार मानी आवश्यक कार्यवाही गर्नेछ ।
१२. कर संकलन गर्दा तोकेको दर भन्दा बढि लिन पाईने छैन, बढी लिएको पाईएमा वा ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी आवश्यक कारवाही समेत गर्न सकिनेछ ।
१३. कर संकलनको ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी कम्पनी/फर्मलाई आवश्यक कारवाही हुने छ ।
१४. बोलपत्र स्विकृत भएको जानकारी पाए पश्चात तोकिएको समयवाधि भित्र कबुलियत, संम्भौता गरी पट्टापुर्जी (ईजाजत पत्र) नलिएमा कम्पनी/फर्मले राखेको धरौटी जफत गरिने छ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।
१५. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पुरा गरि ठेक्कामा सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरीने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।
१६. कर संकलन कार्यमा आवश्यक पर्ने व्यवस्थापकिय कार्य बोलपत्रदाता आफैले मिलाउनु पर्नेछ ।
१७. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।
१८. रित नपुगेको वा म्याद नाघेर आएको बोलपत्र उपर कुनै कार्यवाही गरीने छैन् ।
१९. ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था कम्पनी/फर्म आफैले गर्नु पर्नेछ ।
२०. ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिदमा कार्यालयको अनिवार्य छाप लगाएर मात्र प्रयोग गर्न पाईनेछ । छाप नलगाई कर रसिद प्रयोग गरेको पाईएमा ठेकेदारलाई नियमानुसार कारवाही गरिने छ ।
२१. ठेक्का सम्वन्धी यस कार्यालयवाट प्रकाशित सूचना सम्बन्धित सबैका लागि मान्य हुनेछ ।
२२. ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८१ असार मसान्तसम्म हुनेछ ।
२३. सम्झौताका सबै शर्तहरु र ठेक्काका प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।
२४. बिज्ञापन करको दर त्यस आर्थिक बर्षका लागि दमक नगरपालिकाले स्वीकृत गरेको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।
२५. पेश भएका वोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने र ठेक्का सम्वन्धि निर्णय गर्नु पर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।
२६. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन कानून अनुसार हुनेछ ।
२७. अन्य बिस्तृत जानकारीका लागि दमक नगरपालिकामा सम्पर्क राख्न सकिने छ ।

डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत